महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

अछाबे

संघीय मामिला तथा स्थानीय विकास लेखापरीक्षण निर्देशनालय
डोरमुकाम : चितवन

पत्र संख्याः २०७४।७५
च.नं.: ६४

मितिः २०७४।११।१०

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुखज्यू,
खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।११।१० मा छलफल पश्चात् तयार गरिएको पाना १४(चौध) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

२०७४।११।१०
(रामकृष्ण अधिकारी)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवारः- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
भरतपुर, चितवनः प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
भरतपुर, चितवनः प्रतिवेदन संलग्न छ ।

email : oagnep@ntc.net.np, info@oag.gov.np
Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

आर्थिक कारावारको स्थिति

कार्यालय र स्थान: श्री खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पर्सा, चितवन		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखी	सम्म	
खैरहनी नगरपालीका	कार्यालय प्रमूख	श्री अमरनाथ ढकाल	श्रावण	पौष १७	८४४७१०१४.००
	कार्यालय प्रमूख	श्री गंगावहादुर भुजेल	पौष	चैत्र १७	
	कार्यालय प्रमूख	श्री टेकराज निरौला	चैत्र १८	आषाढ	
	लेखा प्रमूख	श्री नारायणप्रसाद पौडेल	श्रावण	मंसिर	
	लेखा प्रमूख	श्री गोपालप्रसाद तिवारी	पौष	चैत्र २७	
	लेखा प्रमूख	श्री रिट्ठे दर्जि	चैत्र २८	आषाढ	

एकिकृत आय व्यय विवरण (आर्थिक वर्ष २०७३।७४)					
आयतर्फ	रकम	रकम	व्ययतर्फ	रकम	रकम
गतवर्षको मौज्दात		२७५५६४०४.२९	आन्तरिक कोष खर्च		४१६३४४१६.८२
आन्तरिक स्रोत		३१९७६४१२.६२	केन्द्रीय बजेट तथा अन्य खर्च		१३८०१५८३५.६
बाह्य स्रोत			नगरपालिका अनुदान	३८२०४४४७.४४	
(क) नेपाल सरकारको स्रोत		१७५६२२६००	नगर क्षेत्र पूर्वाधार	०	
नगरपालिका अनुदान	५५५९९०००		संघीय संरचना तथा पूर्वाधार	६५९५३८८.२	
नगर क्षेत्र पूर्वाधार	१५९६८०००		सामाजिक सुरक्षा	७९१६५०००	
संघीय संरचना तथा पूर्वाधार	१०००००००		वातावरण मैत्री कार्यकम	१२७९००००	
सामाजिक सुरक्षा	७९१६५०००		एलजिसिडिपि	१२६१०००	
वातावरण मैत्री कार्यकम	१२७९००००		राष्ट्रिय स्वयंसेवक	०	
एलजिसिडिपि	१९८३०००				
राष्ट्रिय स्वयंसेवक	११७६००		मौज्दात		५८३२५४५१.५
ख) अन्य स्रोत			बैंक मौज्दात	५८३२५४५१.५	
लागत सहभागिता		१४२३४००	नगद मौज्दात		
कर्मचारी कल्याण कोष		१३९६८८७.०५			
जम्मा		२३७९७५७०३.९६			२३७९७५७०३.९६

उल्लेखित आर्थिक कारोवारहरुको जोखिम विश्लेषण, नमुना छनौट, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरी स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार छनौट (Sampling) को आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७४।११।१० मा व्यवस्थापनसंग छलफल गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालयको नाम: श्री खैरहनी नगरपालिका, नगर कार्यपालिकाको पर्सा, चितवन ।

आर्थिक वर्ष:– २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	लेखापरीक्षणको क्रममा रु. असुली भै दाखिला भएको प्रमाण पेश भएको छ ।
	परिचय: स्थानीय निकायमा जनताको लागि सोच्ने र जवाफदेही बहन गरी स्थानीय विकास गर्न स्रोत साधन संकलन र परिचालन प्रजातान्त्रिक प्रक्रिया पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्न उन्मुख हुने तथा दिगो विकासको लागि आधारभूत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजि क्षेत्रलाई सहभागी हुन प्रोत्साहन गर्ने जस्ता कार्यको लागि २०७३ फाल्गुण २८ देखि नगर कार्यपालिकाको रुपमा स्थापना भएको छ । नेपाल सरकार एवं स्थानीय निकायमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु यस नगरपालिकाको मुख्य उद्देश्य रहेको छ । स्थानीय जनताका आधारभूत आवश्यकताको परिपूर्ति स्थानीयस्तरमै गर्ने विकेन्द्रीकरणको मूल भावना र मर्मलाई आत्मसात गरी व्यक्तिगत घटना दर्ता, बसाइसराई प्रमाणीकरण, स्थानीय बाटोघाटो, पुलपुलेसा, सिचाई कुलो बाँध, विद्यालय भवन, स्वास्थय चौकी भवन आदिको निर्माण एवं मर्मत तथा गरिबी निवारणको लागि आयमूलक कार्यक्रमको सञ्चालन गर्नु यस कार्यालयको कार्यक्षेत्र रहेको छ ।
१.	**आन्तरीक नियन्त्रण र वित्तीय जवाफदेहिता:-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था गरेको छ । यस कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्था र वित्तीय जवाफदेहिताको अनुसूची- २१ समेतको आधारमा मूल्याङ्कन गर्दा देखिएका व्यहोराहरु यसप्रकार रहेका छन् । • **जिन्सी सामानको मूल्य:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(४) अनुसार पूराना मालसामानको मूल्य कायम गरी राख्नुपर्ने व्यवस्था रहेकोमा कतिपय जिन्सी मालसामानको मूल्य खुलाई राखेको देखिएन । • **लिलाम बिक्रि:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) अनुसार जिन्सी सामानको लिलाम विक्री गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन । • **जोखिम पहिचान:** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन । • सन्चालित आयोजनको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन । • **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासंन नियमावली २०६४ अनुसार मासिक रुपमा आन्तरिक लेखापरीक्षण नभएको र अन्तिम लेखापरीक्षण हुनु पूर्व आन्तरिक लेखापरीक्षणको कैफियत, बेरुजु फछ्र्यौट गरेको देखिएन । • **भ्रमण अभिलेख:** भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण प्रतिवेदन र भ्रमण अभिलेख खाता राखेको देखिएन । • **सवारीको लगबुक:** सवारी इन्धनको लगबुक राखेको देखिएन । • **कार्य विवरण:** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	कार्य विवरण दिएको देखिएन । ● **कार्यक्रम वाइज खर्च खाता:** कार्यालयले कार्यक्रम वाइज खर्च खाता राखेको छैन । जसले गर्दा कुन कुन कार्यक्रममा के कति खचं भयो, कुन कुन कार्यक्रममा बढी वा घटी खर्च भयो । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन । ● **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । ● **मर्मत अभिलेख:** सवारी साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले मर्मत अभिलेख खाता राखेको पाईएन । ● **सम्पत्तिको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कार्यक्षेत्रभित्र पर्ने सडक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिङ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन । ● **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्न्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ । ● **मालसामानको लागत अनुमान:-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान वेगर खरिद कार्य गरेको देखिन्छ । ● **वर्गिकरण र सूचकिृत:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउने प्रयोजनको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गिकरण, सूचीकृत तथा लगत अद्यावधिक नगरी कामको आधारमा उपभोक्ता समिति गठन गरी सोही समिति मार्फत काम गराउने गरेको छ । अत: कानूनी व्यवस्था बमोजिम हुनुपर्ने देखिन्छ । ● **उपभोक्ता समिति:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(३) मा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले बेहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरू खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समूह आफैले प्रस्ताव वा निवेदन प्रस्तुत गर्न सक्ने र यसरी प्रस्ताव पेश गर्दा लाभग्राही परिवारको सूची, लाभग्राही परिवारका उपभोक्ता समूहले योजनाको आवश्यकता र योजना सञ्चालनमां दिनसक्ने योगदानको विवरण सहित उपभोक्ता समूहको भेलाको माइन्युट समेत साथै राख्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन । ● **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ बमोजिम उपभोक्ता समितिवाट सन्चालित योजनाको फरफारक गर्दा नापी किताब, उपभोक्ता सम्वन्धी विल र कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ता समिति, सम्झौता मिति, सम्पन्न गर्ने मिति, सम्झौता रकम, प्राविधिक नापजाँच गरेको मिति, कार्यसम्पन्न भएको मिति लगायत कुनै पनि योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ अनुसार उपभोक्ता

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	समितिको सूचिकरण दर्ता, नवीकरण, साधारण सभा तथा वार्षिक कार्यक्रम र बजेटको विवरण, आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण, आयोजनाको जाँचपास, स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि लगायतका उपभोक्ता समितिले उल्लेखनीय कार्य गरेको देखिने विवरण र कागजात कार्यालयमा पेश गरेको नदेखिएकोले उपभोक्ता समितिलाई कानुनी व्यवस्थाको पालना गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । ● **म्याद थप:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(द) मा उपभोक्ता समितिले आफूले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारण सहित निवेदन दिएमा उपभोक्ता समूह र उपभोक्ता समितिले गरेको निर्णयको आधारमा सम्बन्धित स्थानीय निकायले म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालमा उपभोक्ता समूहबाट म्याद थपको लागि निवेदन नदिएको र समयमा कार्यसम्पन्न गर्न नसकेको अवस्थामा पनि कुनै किसिमको कारवाही नगरी सम्झौता बमोजिमको रकम भुक्तानी गरेको छ । ● **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । ● **तलबी प्रतिवेदन:** स्थानीय निकाय आ.प्र.सम्वन्धि नियमावली २०६४ को नियम ६०को उपनियम(३९)र अनुसुची (३७) अनूसार स्थानीय निकायमा कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन सोही नियमावलीको नियम ५८को (ञ) अनुसार पारित गराएर मात्र खर्च लेख्नु पर्नेमा सो अनुसार गरेको देखिएन ।
२.	**एकीकृत आय व्यय विवरण:** कार्यालयले पेश गरेको एकीकृत आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु.२७१५६४०४।२९ यो वर्ष कुनै खर्च देखाएको छैन भने यो वर्ष आन्तरिक आय रु.३१९७६४१२।६२ रहेकोमा खर्च रु.४१६३४४१६।८२ देखाई रु.९५६८००४।२० बढी खर्च देखाएको छ । त्यसै गरी लागत सहभागिता रु.१४२३४००।० आम्दानी गरेकोमा खर्च शून्य देखाएको छ । कार्यालयले पेश गरेको आय व्यय विवरणले कार्यालयको समग्र आर्थिक कारोबारको यर्थाथ चित्रण गरेको छ भनी एकिन गर्न सकिएन ।
३.	**सेवा प्रवाह:** कार्यालयले आर्थिक वर्ष २०७३।७४ मा नागरिकता सिफारिस २२०५, नाता प्रमाणित १६०८, घरबाटो सिफारिस १५०० समेत ५३१३ को संख्यामा सेवाप्रवाह गरेको छ ।
४.	**घर नक्शा पास:** कार्यालयले आर्थिक वर्ष २०७३।७४ मा घर नक्शा पासतर्फ नक्सापासको लागि ८२३ निवेदन परेकोमा ७१४ स्वीकृत गरी ७१४ निर्माण सम्पन्न गरेको देखाएको छ ।
५.	**प्रगति:** कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष ५७३ कार्यक्रम रहेकोमा शून्य प्रगति रहेका कार्यक्रम ८८ रहेका छन् । कार्यक्रम स्वीकृत गर्दा सहज रुपमा सन्चालन हुन सक्ने कार्यक्रम मात्र स्वीकृत गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
६.	**साविकका गाविसहरुको बेरुजु लगत/जिन्सी/पेश्की:** साविक गाविसहरुको बेरुजु, पेश्कि बाँकिको अभिलेख, चल, अचल सम्वन्धिको अभिलेख राखेको नदेखिएकोले नगरपालिकामा समाहित भएका साबिक गाविसको सम्पत्ति तथा दायित्वको स्पष्ट अभिलेख राखि सम्पत्तिको व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।
७.	**लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले नगद

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	कारोबारमा श्रेस्ता राखेको देखिएकोले कार्यालयको सम्पत्ति र दायित्वको यथार्थता एकिन गर्न नसकिएकोले कानूनी व्यवस्था बमोजिम गर्नुपर्ने देखिएको छ ।
८.	**विषेश कोष:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३३ मा नगर परिषदले कोषमा जम्मा भएको आन्तरिक आयबाट दैबी प्रकोप उद्धार कोष, मर्मत सम्भार विशेष कोष, गरिवी निवारण तथा सामाजिक परिचालन विशेष कोष, महिला तथा वाल विकास विशेष कोष, स्वास्थ्य समुदायिक विशेष कोष, वातावरणीय व्यवस्थापन विशेष कोष, कर्मचारी कल्याण कोष लगायतका कोषमा आवश्यक रकम विनियोजन गर्न सक्ने व्यवस्था रहेकोमा कार्यालयले हालसम्म त्यस्तो कुनै कोषको व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था बमोजिम स्थापना गर्न सकिने कोषको स्थापना गर्दा विशेष परिस्थितिमा र क्षेत्रगत रुपमा लक्षित वर्गका लागि विशेष कार्यक्रम सन्चालन गर्न सकिने हुँदा कोष स्थापना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।
९.	**बजेट फ्रिज:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ मा साल तमाममा बाँकी रकम फिर्ता दाखिला गर्ने व्यवस्था रहेकोमा कार्यालयले फिर्ता दाखिला गर्नुपर्ने देहायका शिर्षकको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी मूल कोष खातामा ट्रान्सफर गरेकोले रु.१,६९,३२,४३३।२० सन्चित कोष दाखिला गर्नुपर्ने देखिएको छ ।

ब.उ.शि.नं.	कार्यक्रम	निकाशा	खर्च	फिर्ता गर्नुपर्ने रु.
६०२११०३	संघीय संरचना (चालु)	२००००००.००	१८७५१६६.८०	१२४८३३.२०
३६३८१७३	नगरक्षेत्र पूर्वाधार	१५९६८०००.००	०	१५९६८०००.००
३६५८१९३	एल.जि.सि.डि.पि.	१९८३०००.००	१२६१०००.००	७२२०००.००
३९११०५३	राष्ट्रिय स्वयंसेवक	११७६००.००	०	११७६००.००
	जम्मा	२००६८६००	३१३६१६६.८०	१६९३२४३३.२०

दफा नं.	भौ.नं., मिति र व्यहोरा
१०.	**प्रशासनिक खर्चको सीमा:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा स्वीकृत बजेटको परिधिभित्र रही ऐन वमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीस लाख रुपैयासम्म आम्दानी हुने नगरपालिकाले अधिकतम साठी प्रतिशत, पच्चीस लाख देखि पचास लाख रुपैयासम्म आम्दानी हुनेले अधिकतमम चालीस प्रतिशत, पचास लाखदेखि एक करोड रुपैयांसम्म आम्दानी हुनले तीस प्रतिशत र एक करोड रुपैया वढी भन्दा आम्दानी हुने नगरपालिकाले पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको एकीकृत आय व्यय विवरणमा यो वर्ष आन्तरिक आयबाट रु.३,१९,७६,४१२।६२ प्राप्त गरेकोमा उक्त नियम अनुसार २५ प्रतिशतले हुने रु.७९,९४,१०३।१६ सम्म प्रशासनिक कार्यमा खर्च गर्न सकिनेमा रु.१,२५,६९,७८६।०४ खर्च गरी तोकिएको सीमाभन्दा रु.४५,७५,६८२।९० बढी खर्च गरेकोले नियमको पालना गरेको देखिएन । (व्यवस्थापनसंगको छलफलमा सुधार गरिने जानकारी गराएको छ)
	आन्तरिक कोष (चालु र पूँजीगत)
११.	**कर कट्टी (भौ.नं.३४।०७४।३।१६):** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानीमा कर कट्टी गर्ने अनुसार व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसार भुक्तानी गर्दा कर कट्टी नगरेकोले रु.१,२९,९३६।५० असुल गर्नुपर्ने देखिएको छ ।

भौ.नं/ मिति	विवरण	भुक्तानी रकम	कर कट्टी गर्नुपर्ने	कर कट्टी गरेको	बाँकि
३४/०७४/३/१६	लेखापरीक्षण शुल्क	३०००००.००	४५०००	५०००	४००००
१६६/०७४/३/३०	सोलार वत्ती जडान	६६०२८८.००	९९०४	०	९९०४
७/०७३/४/३०	फोहोर व्यवस्थापन खर्च (यादव प्रसाद ढकाल	१५००००.००	२२५००	०	२२५००
८/०७३/४/२७	फोहोर व्यवस्थापन खर्च (सावित्री तिमिल्सीना	१५००००.००	२२५००	०	२२५००
२९/०७३/६/२०	फोहोर व्यवस्थापन खर्च (समीक्षा महतो	१०९५००.००	१६४२५	१६४२.५०	१४७८२.५०
५९/०७३/११/१२	फोहोर व्यवस्थापन खर्च (कृष्णवहादुर वस्नेत	१५००००.००	२२५००	२२५०	२०२५०
					१,२९,९३६.५०

दफा नं.	भौ.नं.; मिति र व्यहोरा
१२.	**बिल भरपाई:** वार्ड नं ९ मा गुडिया बनाउने तालिम बापत उ.स.मार्फत रु.३१७०००। खर्च लेखिएकोमा बिल भपाई रु.१९८०४८। को मात्र पेश भएको हुँदा बाँकि रु.११८९५१।० को बिल भपाई पेश हुनुपर्ने अन्यथा अशुल गर्न पर्ने देखिएको छ ।
१३.	**फोहोरमैला व्यवस्थापन:** नगरपालिकाभित्रको फोहोरमैला व्यवस्थापनका लागि नेशनल वेष्ट मेनेजमेन्ट एण्ड रिड्युसिंग प्रा.लि. बिच २०७३।१।२२ मा सम्झौता भई सम्झौताको शर्त ४ मा सम्झौता बमोजिम कार्य नगरेमा सम्झौता तोडी कार्यसम्पादन जमानत बापत राखेको रकम जफत गरी कालोसूचीमा राख्ने उल्लेख भएकोमा सम्झौता बमोजिम कार्य नगरेको भनी सम्झौता तोडी रु.५०००।० जरिवाना गरेको छ । तर सम्झौता अनुसार जमानत बापत राखेको धरौटी रु.२०००००।० जफत गरी कालोसूचीमा राखेको नदेखिएकोले जमानत जफत गरी कालोसूचीमा राख्नुपर्ने देखिएको छ ।
१४.	**ल्याण्ड फिल भत्ता:** फोहोरमैला व्यवस्थापनका लागि ऋषिकेश पौडेललाई प्रति महिना रु.१४००००।० दिने गरी कार्यादेश दिएकोमा कार्यालयले हाम्रो ट्रेडर्सले पेश गरेको विजकको आधारमा निम्नानुसार रु.५,६०,०००।० (मू.अ.कर समेत) भुक्तानी दिएको छ । व्यक्तिसंग कार्य गर्ने गरी सम्झौता भएकोमा सो विपरित व्यापारिक फर्मको विजक संलग्न गरी भुक्तानी दिएकोले उक्त खर्च अनियमित देखिएको छ ।

भौ.नं/मिति	भुक्तानी रकम
१७/०७४/११७	१४००००.००
१३६/०७४/३/२५	४२००००.००
	५६००००.००

दफा नं.	भौ.नं.; मिति र व्यहोरा
१५.	**नगर यातायात गुरु योजना (भौ.नं.२७।०७३।६।२०):** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । नगर यातायात गुरुयोजना तयार गर्ने कार्यको लागि एप्पल मेडिया एण्ड एडभरटाईजिंग प्रा.लि.लाई रु.८५००००।० भुक्तानी गरेकोमा सो सम्वन्धी ठेक्का फाईल पेश नभएकोले उक्त खर्च एकिन गर्न सकिएन ।
१६.	**बिमा खर्च (भौ.नं.६।०७२।५।१४):** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ मा अधिकार प्राप्त अधिकारीले खर्च गर्ने वा खर्चको निकासा दिंदा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ भने खर्च गर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्नानुसार रु.१३४३०।० निजी मोटरसाइकलको बिमा खर्च समेत भुक्तानी गरेको देखिएकोले उक्त खर्च अनियमित देखएिको छ ।

भौ.नं/ मिति	मोटरसाइकल नं.	भुक्तानी रकम
६/०७३/५/१४	ना ३५ प ३१४९	२७९०.००
	ना ३२ प ६९२३	३०८०.००
	ना ३१ प ३६५८	४४८०.००
	ना ३१ प ४३१६	३०८०.००
		१३४३०.००

दफा नं.	भौ.नं.; मिति र व्यहोरा
१७.	**अतिरिक्त समय भत्ता:** कार्यालयले विभिन्न कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेको भनी निम्नानुसार भुक्तानी गरेको छ । परिषदको निर्णयानुसार कर्मचारीलाई मासिक रुपमा भत्ता भुक्तानी गर्दै आएकोमा पुन: अतिरिक्त समय काम गरेको भनी रु.३०२००३।० भुक्तानी दिनु कानुन सम्मत देखिएन ।

भौ.न. र मिति	भुक्तानी पाउने	कामको विवरण	भुक्तानी रकम
४६/०७३/११/३	विभिन्न कर्मचारी	अतिरिक्त समय काम गरेको	३०२००३.००

दफा नं.	भौ.नं.; मिति र व्यहोरा
१८.	**कन्टिन्जेन्सी खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले प्रत्येक आयोजनाको रकम भुक्तानी गर्दा भुक्तानी रकममा कन्टिन्जेन्सी खर्च जोडी बजेट खर्च लेखेको र यस्तो कन्टिन्जेन्सी रकमको बिल भरपाई संलग्न नराखी कन्टिन्जेन्सी कट्टी गरी राखेको छ तर यो वर्ष के कति कन्टेन्जेन्सी खर्च गरेको छ विवरण पेश गरेको छैन । बजेट खर्च नभएको रकमलाई बजेट खर्च देखाउनु प्रचलित लेखा सिद्धान्त विपरित रहेको र यो

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	वर्ष कुन कुन योजनाको के कति कन्टेन्जेन्सी कट्टी गरी के केति खर्च भई के कति बाँकि रहेको छ खुल्ने अभिलेख राखेको नदेखिएकोले कन्टेन्जेन्सी खर्चको अभिलेख अद्यावधिक गरी कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिएको छ ।
	ब.उ.शि.नं. ३६५८४६३ वातावरणमैत्री स्थानीय शासन
१९.	**करकट्टी**: आयकर ऐन २०५८ को दफा ८८ र ८९ स्रोतमा कर कट्टी गर्ने व्यवस्था छ । कार्यालयले निम्न भुक्तानीमा अग्रिम कर कट्टा नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार रु.३३६२५/- कर कट्टी गर्नु पर्दछ ।

भौ.नं/ मिति	विवरण	भुक्तानी रकम	असुल गर्नुपर्ने रकम
२/०७३-५-२७	कुमरोज सामुदायिक वनमा मेश जाली निर्माण (भाडा भुक्तानी)	४६०००.००	४६००.००
७/०७४-३-१३	एसडी निर्माण सप्लायर्सलाई जेसीवी प्रयोग (१.५ प्रतिशत)	१०५०००.००	१५७५.००
८०/०७४।३१५	रोजन निर्माण सेवा प्रा.लि.ले ढुवानी	२७४५००.००	२७४५०.००
		जम्मा	३३६२५.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	पुँजिगत खर्च खाता (केन्द्र)
२०.	**अवलोकन भ्रमण**:– आर्थिक कार्यविधि नियमावली, २०६४ नियम २२ मा विकास आयोजनाको कार्यक्रम स्वीकृत गर्दा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूँजीगत खर्च खाताबाट निम्न बमोजिम अवलोकन भ्रमणको लागि रु.१२,३१,०००। भुक्तानी गरेको देखियो । पुँजीगत खर्चबाट पुँजी निर्माणमा खर्च गर्नुपर्नेमा अवलोकन भ्रमणमा गरिएको खर्चलाई नियन्त्रण गरी पुँजी निर्माण हुने कार्यमा लगानी गर्नु पर्दछ ।

भौ.नं र मिति	भुक्तानी पाउने संस्था	भ्रमण स्थल	भुक्तानी रकम
५/०७४-१-१२	बालक्लव अवलोकन भ्रमण	पोखरा	१४२०००.००
६/०७४-१-१२	खैरहनी ३, महिला अवलोकन भ्रमण	पाल्पा, कास्की	१०५०००.००
१८/०७४-१-१७	खैरहनी १२, टोलसुधार महिला अवलोकन भ्रमण	नवलपरासी, नेपालगञ्ज	१४२०००.००
२१/०७४-१-२६	खैरहनी २, महिला अवलोकन भ्रमण	पोखरा	१४२०००.००
५५/०७४-३-६	राप्रावि पिठहनी, बालक्लव अवलोकन भ्रमण	पोखरा	१४२०००.००
६६/०७४-३-१३	कमिया प्रावि बालक्लव अवलोकन भ्रमण	पोखरा	१४२०००.००
६७/०७४-३-१३	एकता निमावि चैनपुर, बालक्लव अवलोकन भ्रमण	लुम्बिनी	१४२०००.००
१२७/०७४-३-२२	आदिवासी जनजाती अवलोकन भ्रमण	पोखरा	१३००००.००
१४०/०७४-३-२५	जनजाती टोलसुधार अवलोकन भ्रमण	नखुलेको	१४४०००.००
		जम्मा	१२३१०००.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२१.	**मु.अ.कर भुक्तानी** (३/०७३।९।१४) दीपालाईट इनर्जी प्रा.लि.ले कर विजकमा कुनै किसिमको कर तथा मूल्य अभिबृद्धि कर तथा भन्सार महसुल समेत नलाग्ने व्यहोरा जानकारी गराईन्छ भनी उल्लेख गरेको छ । सोलार सडक बत्ति जडान वापत निजले रु.५३,९६,०००। मा मुल्य अभिबृद्धि कर रु.३,६६,३६०। समेत रु.५७,६२,३६०। को कर विजक पेश गरेको छ । निजलाई यो वर्ष रु.२४,५८,१२०। मा मूल्य अभिबृद्धि कर रु.३,६६,३६०। समेत जोडेर रु.२८,२४,४८०। भुक्तानी दिएको देखियो । आपूर्तकले घोषणा गरे विपरित भुक्तानी दिएको मुल्य अभिबृद्धि कर रु.३६६३६०। असुल गर्नु पर्दछ ।
२२.	**प्रशासकिय भवन निर्माण**: कार्यालयको प्रशासकिय भवन निर्माणको स्वीकृत लागत अनुमान रु.२,२६,६७,२७३।७३ (मु.अ.कर बाहेक) भएको निर्माण कार्यको भीम ज्योती/एम।आर एण्ड ग्रुप जेभी संग २०७३।३।२५ मा कार्यसम्पन्न गर्नेगरी रु.१,७७,८१,८०४।८७ (मु.अ.कर बाहेक) मा सम्झौता भएको देखियो । पाँचौ रनिङ बील सम्ममा रु.१,२६,६६,२१६। (मु.अ.कर बाहेक) भुक्तानी भएको उक्त निर्माण कार्यको २०७३।३।२५ पछि म्याद थपिएको देखिएन

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	र निर्माण कार्य सम्पन्न भएको समेत छैन ।
२३.	**इन्जिनियरिङ सुविधाः** कार्यालयले लागत अनुमान तयार गर्दा इन्जिनियरिङ सुविधा वापत रु.७२,०००। (मुल्य अभिबृद्धि कर बाहेक) ठेक्का सम्बन्धि बीलमा राखी भुक्तानी दिएको देखियो । यसबाट ठेक्काको लागत बढ्न जाने हुन्छ । कार्यालयबाट यस्तो सुविधाको लागि छुट्टै बजेट छुट्याई खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ र यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।
२४.	**खर्चको पुष्ट्याई (भौ.नं.७५।०७४।३।१४)** :– आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ (३) मा सरकारी रकम खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सेवक सोलार प्रा.लि.लाई रु.२५,००,०००/-खर्च लेखेकोमा खर्च प्रमाणित हुने प्रमाण कागजात पेश हुनुपर्दछ ।
	संघिय संरचना पुर्वाधार विकास कार्यक्रमः
२५.	**सोभ्है खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोभ्है खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोभ्है खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले कानूनी व्यवस्था विपरित निम्नानुसार रु.४४,३९,५३५।४० को खरिद गरेको देखिन्छ ।

गौ.भौ.नं/ मिति	विवरण	संघ संस्थाको नाम	भुक्तानी रकम
१/२०७४.०२.१४	टेबुल कुर्ची	नारायणी फर्निचर	४९९७४३.००
३/२०७४.०२.२३	टेबुल कुर्ची	नारायणी फर्निचर	४९९७४३.००
४/२०७४.०२.२४	टेबुल कुर्ची	नेपो फिनिसिङ इण्डसिस	४८५७८७.००
५/२०७४.०२.२३	टेबुल कुर्ची	सिमम सेफ एण्ड मेटल इण्डष्ट्रिज	४९९८८३.७५
६/२०७४.०२.२३	कम्पुयुटर प्रिन्टर	भुषाल इन्टरप्राइजेज	४९३८१०.००
७/२०७४.०२.२३	कम्पुयुटर प्रिन्टर	भुषाल इन्टरप्राइजेज	४९६४०९.००
८/२०७४.०२.२३	कम्पुयुटर प्रिन्टर	प्लोनेट	४८२५१९.८०
७.०१/२०७४.०३.३०	कम्पुयुटर प्रिन्टर	सीजल कम्प्युटर	४९३८८१.००
९/२०७४.०३.३०	फर्निचर	नारायणी फर्निचर	४८७७५८.८५
		कुल जम्मा	४४३९५३५.४

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२६.	**मु.अ. कर समायोजनः** (गो.भौ. १/२०७४.०२.१४) मूल्य अभिवृद्धिकर ऐन २०५२ को दफा १४(१) २ वमोजिम कुनै वस्तु तथा सेवा आपूर्ति गर्दा कर विजक तोकिएको ढांचामा सिलसिलेवार नम्वर राखी जारी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न सप्लायर्स लाई सामान तथा सेवा बापत रकम रु.२८२४८४/- भुक्तानीमा मु.अ. कर रकम रु.३२४९८/-भुक्तानी गरेकोमा मुल्य अभिबृदि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने ।

शिर्षक	गौ.भौ.नं/मिति	विवरण	संघ संस्थाको नाम	भुक्तानी रकम
संघिय संरचना	१/२०७४-०२-१४	मोबाईल एप खरिद	शुभारम्भ सोलुसन प्रा.लि. काठमाण्डौ	२८२५००.००
			जम्मा	२८२४८४.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२७.	**उपभोक्ता समितिमार्फत कार्यः** उपभोक्ता समिति मार्फत गरिएका कार्यको परीक्षण गर्दा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।
२७.१	**वैशाख पछिको सम्झौताः** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९(१४) अनुसार जिल्ला विकास समितिले बैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	नपाउने व्यवस्था छ । कार्यालयले यस आ.व.मा विभिन्न योजनाहरु बैशाख मसान्तपछि सम्झौता गरी रकम बाँडफाँड र निकासा दिइएको पाइयो । आर्थिक वर्षको अन्त्यमा मौसमी वदलाव भई वर्षातको सिजन शुरु हुने र यस्तो सिजनमा गरेको निर्माण कार्य भरपर्दो, टिकाउ र गुणस्तरीय नहुन सक्ने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ । यसका केहि उदाहरण यसप्रकार रहेका छन् ।

भौ.न. र मिति	उपभोक्ता समिति	कामको विवरण	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	भुक्तानी रकम
१२०/०७४/३/२२	बोहरा चोक ग्रावेल उ.स.	बाटो ग्राभेल	०७४/२/२५	०७४/३/१५	३१२५०२.२७	२६००००.००
१४६/०७४/३/२८	राष्ट्रिय निम्न माध्यमिक विद्यालय, कुमरोज		०७४/२/२५	०७४/३/१५	५२००००.०	४०००००.००
जम्मा						

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२७.२	**जटिल कार्य:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्नेछ । तर कारण खोली स्थानीय निकायले निर्णय गरेमा विशेष अनुगमनको व्यवस्था मिलाई उपभोक्ता समितिसंग संयुक्त व्यवस्थापनमा अन्य आयोजना कार्यान्वयन गराउन बाधा नपर्ने व्यवस्था रहेकोमा कार्यालयले जटिल प्रकृतिका सडक कालोपत्र गर्ने, मेशिनरी प्रयोग हुने खालका योजनाहरु सन्चालन गरेको देखिन्छ । अत: कानूनी व्यवस्था बमोजिम श्रम प्रविधिमा आधारित योजना मात्र उपभोक्ता समिति मार्फत सन्चालन गर्नुपर्ने देखिन्छ । यसका केहि उदाहरण यसप्रकार रहेका छन ।

भौ.न. र मिति	उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम
३/०७४/४/३०	गणेशचोक कालोपत्रे सडक	सडक कालोपत्रे	३८५५००.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२७.३	**नापी किताब, कार्यसम्पन्न प्रतिवेदन:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फाराम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारका योजना र उपभोक्ता समितिलाई नापी किताब, अन्य बिल भरपाई, कार्यसम्पन्न प्रतिवेदन बेगर पनि भुक्तानी दिएको देखिएकोले यसरी भुक्तानी दिएको रु.७८५५००/-यथार्थपरक छ भन्न सक्ने स्थिति देखिएन ।

भौ.न. र मिति	उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम	कैफियत
९/०७४/१/१२	पाँचमुहान पिपरा जोड्ने बाटो ग्राभे उ.स.	बाटो ग्राभेल	२०००००.००	नापी किताब पेश नभएको
३/०७३/४/३०	गणेशचोक कालोपत्रे सडक	सडक कालोपत्रे	३८५५००.००	नापी किताब पेश नभएको
४/०७३/४/२७	सुखटोल बाटो ग्राभेल उ.स.	बाटो ग्राभेल	२०००००.००	नापी किताब पेश नभएको
जम्मा			७८५५००.००	

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२८.	**पेश्कि बाँकि:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने एवं नियम ७९(१) मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत लगाई लिइनेछ र अनावश्यक पेश्की लिएको वा फछ्र्यौट गर्न अटेर गरेमा वा म्याद भित्र फाँटबारी नबुझाएमा तलब रोक्का गर्ने र तलब रोक्का गर्दा पनि अटेर गरेमा प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सकिने व्यवस्था रहेको छ । सामान्यत एकपटक लिएको पेश्की २१ दिनभित्र फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था रहेतापनि कार्यालयले आर्थिक वर्षको अन्त्यसम्ममा पनि निम्नानुसारको

दफा नं.	भौ.नं.; मिति र व्यहोरा
	रु.४४५०१६००.०० पेश्कि फछ्र्यौट गर्न बाँकि रहेकोले कानूनी व्यवस्था बमोजिम आवश्यक कारवाही गरी पेश्की फछ्यौंट गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सि.नं.	पेश्कि मिति	पेश्कि लिनेको नाम	पेश्कि रकम
१.	०७४/३/२०	त्रिवेणी विकास बैंक	२०१३४२००.००
२.	०७४/३/२०	नेपाल इन्भेष्टमेन्ट बैंक	१४४०६८००.००
३.	०७४/३/२०	कृषि विकास बैंक	९२२१६००.००
४.	०७४/३/२८	भीमज्योती एम.आर.एण्ड ग्रुप जे.भी.	७३९०००.००
		जम्मा	४४५०१६००.००

२९.	**आलेप बेरुजु:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२(१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अद्यावधिक गरी आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी त्यसको प्रमाण सम्बन्धित लेखासँग संलग्न गरी लेखा अद्यावधिक गराई राख्नु अधिकार प्राप्त अधिकारी र आर्थिक प्रशासन शाखा प्रमुखको दायित्व हुने व्यवस्था रहेकोमा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका निम्नानुसारका बेरुजुहरु फछ्र्यौट गरेको देखिएन ।
	एकिकृत नगरपालिका कोष तर्फ
२९.१	**आन्तरिक आम्दानी अशुली र दाखिला सम्बन्धमा:** आन्तरिक आम्दानी नगरपालीका क्षेत्र भित्र चैनपुर,कुमरोज,कठार र खैरहनी सयुक्त वडा सेवा केन्द्र र एकिकृत सम्पती कर लगायत नगापालीकावाट समेत अशुली गर्ने गरेकोमा आन्तरिक लेखापरिक्षणको सिलशिलामा पेश भएका नगदी रसिद, अधुरा (पुरा पोष्टीङ नभएको) खाता पेश भएका छन । सेवा केन्द्र वाईज अशुली विवरण खाता नराखिएको नगदी रसिद सिलशिलेवार नंम्बर मिलाएर प्रयोग गर्ने नगरेको,रकम बैंक जम्मा गर्दा नगदी रसिद र अशुली खाता लेखाशाखाले भिडान गर्ने नगरेको, कतिपय गोश्वरा भौचरमा रकम बैंक दाखिला गरेको भौचर सम्लग्न नगरिएको कारणले गर्दा आम्दानीको स्रोत एकिन गर्न सकिएको छैन ।
२९.२	**आन्तरिक आम्दानी** स्थानीय तहको मुल खातामा दाखिला गर्न पर्नेमा साविक स्थानीय निकायको कृषि विकास बैंक पर्सा शाखामा रहेको मुल खातामा (२०७३ फागुण सम्मको खातामा) रु.२६९७१५९। आम्दानी जनाएकोमा बैंक जम्मा भौचर रु.२३०४२५१। को मात्र पेश भएको हुदा बाकी रु.३९२९०८।० को भौचर र स्थानीय तहको मुल खातामा दाखिला गरेको प्रमाण पेश गरी आम्दानी एकिन गर्न पर्ने देखिएको छ ।
२९.३	**आन्तरिक आम्दानी अशुली र दाखिला सम्बन्धमा:** आन्तरिक आम्दानी नगरपालीका क्षेत्र भित्र चैनपुर,कुमरोज,कठार र खैरहनी सयुक्त वडा सेवा केन्द्र र एकिकृत सम्पती कर लगायत नगापालीकावाट समेत अशुली गर्ने गरेकोमा आन्तरिक लेखापरिक्षणको सिलशिलामा पेश भएका नगदीं रसिद,अधुरा (पुरा पोष्टीङ नभएको) खाता पेश भएका छन ।सेवा केन्द्र वाईज अशुली विवरण खाता नराखिएको नगदी रसिद सिलशिलेवार नंम्बर मिलाएर प्रयोग गर्ने नगरेको,रकम बैंक जम्मा गर्दा नगदी रसिद र अशुली खाता लेखापालले भिडान गर्ने नगरेको, कतिपय गोश्वरा भौचरमा रकम बैंक दाखिला गरेको भौचर सम्लग्न नगरिएको कारणले गर्दा यसरी आम्दानीको विवरण फरक परेको देखिएको हुदा निम्न बमोजिम फरक देखिएको रु.३७०३८०।० रकम भिडान गरी यकिन गर्न पर्ने देखिएको

सि.नं	सेवा केन्द्र	अशुली रकम	लेखामा आम्दानी जनाएको रकम	फरक रकम (आम्दानी जनाउन बांकी)
१	कठार	६९९००।	१३१६३२९०।	३७०३८०।
२	कुमरोज	६०५५०।		
३	चैनपुर	१५३१५०।		

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	(table below)

४	खैरहनी	६१८३६८।		
५	कम्प्युटर रसिदवाट रु	२५४६२२६।५३		
५	मलपोत	००		
६	नगरपालिकाको नगदी रसिद	४५५०१९५।२५		
७	मालपोत	५५३५२८०।५०		
	जम्मा रु	१३५३३६७०।२८	१३१६३२९०।	३७०३८०।

२९.४	**सामाजिक सुरक्षा कार्यक्रम तर्फ ब.शि.नं ३६५०१५३**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को वुदा नं १४को ३ मा,प्रत्येक गा.वि.स /न.पा ले बैक वाट वितरण भएको सासु भत्ताको बैकले लाभग्रहीको नाम र बैक खाता नम्बर सहितको बिबरण चौमाशिक रुपमा प्रमाणीत गरी समन्धित नगरपालिकामा पठाउन पर्ने र यसैलाई भपाई मानिने उल्लेख भएकोमा सो वमोजिम गरेको देखिएको छैन ।
	संघीय संरचना पुर्वाधार विकास कार्यक्रम (ब.शि.नं (६०२११०३)
२९.५	**कार्यसम्पन्न प्रतिवेदन (भौ.नं.२।०७४।२।२३):** सोलार बत्ती जडान खर्चमा सम्वन्धित प्राविधिकवाट ल.ई कार्यसम्पन्न प्रतिवेदन, गुणस्तर चेक जांच प्रतिवेदन पेश नगरी रु.४९८०००।० भुक्तानी गरेको देखिएकोले खर्च प्रमाणित हुने प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।
२९.६	**कर कट्टी (भौ.नं.९।०७४।३।३०):** नारायणी फर्निचर सेन्टर भरतपुर वाट फर्निचर खरिद वापत भ्याट रकम समेत रु.४८७७५८।० भुक्तानीमा भ्याट वाहेक रकमको १.५ प्रतिशतले अग्रिम आय कर कट्टा गर्नुपर्नेमा सो अनुसार नभएको हुदा अग्रिम कर वापत रु.६४७५।० असुल हुनुपर्ने देखिएको छ ।
	वातावरण मैत्री स्थानीय शासन कार्यक्रम (ब.शि.नं ३६५८४६३)
२९.७	**बिल भरपाई (भौ.नं.२५।०७४।३।३०):** बातावरणमैत्री कार्यक्रम घोषणा कार्यक्रममा खरिद भएका सामाग्रीहरुको जिन्सी दाखिला तथा वित्तरण भर्पाइ समेत पेश नगरी रु.२७२८९५।० भुक्तानी गरेकोले खर्चलाई पूष्टाई गर्ने प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।
२९.८	**बिल भरपाई (भौ.नं.२८।०७४।३।३०):** श्री ओम शान्ती कंक्रीट उधोगवाट रु.२०००००।० को सरसफाई सम्वन्धी सामाग्री खरिद गरेकोमा उक्त सामाग्री सम्वन्धित व्यक्तिले बुझिलिएको भपाई, माग, निवेदन प्रगति प्रतिवेदन समेत पेश नभएको हूदा खर्च प्रमाणित हुने प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।
	नगरपालिका अनूदान पुंजीगत (ब.शि.नं ३६५८०३३
२९.९	**बिल भरपाई:** देहाय वमोजिमका खर्चहरुमा आवश्यक वील/भरपाई नपुग देखिएको हुदा रु.११८७२४।० खर्च प्रमाणित हुने वील/भपाई पेश हुनुपर्ने देखिएको छ । (क) गो.भौ.नं (१८१)(६३)(१८०) वाट कन्टेजेन्सी रु.२३४४६०।० खर्च गरेकोमा रु.६८,६४०।० बिल भरपाई घटी पेश भएकोले खर्च प्रमाणित हुने बिल भरपाई पेश हुनुपर्ने देखिएको छ । (ख) गो.भौ.नं (१७५) मिति २०७४।०३।३० मा कन्टीजेन्सी खर्च वापत भनी विविध खर्च लेखिएकोमा रु.३८७७४। को वील/भपाई नपुग देखिएको । (ग) गो.भौ.नं.(१३०) मिति २०७४।०३।२३ घरेलु हिंसा तथा सरसफाई व्यवस्थापन सम्वन्धि तालिम संचालनमा वील/जोड जम्मा गर्दा रु.११३१०। नपुग देखिएको तथा सहभागीहरुले रकम बुझिलिएको सक्कल भपाई पेश नभएको ।
२९.१०	**मू.अ.करको जानकारी:** मूल्य अभिवृद्धि कर नियमावली २०५३ (संशोधन) समेतको नियम (६) वमोजिम कर भुक्तानी गर्दा सोको जानकारी आन्तरीक राजस्व कार्यालयलाई दिनु पर्ने व्यवस्था रहेकोमा सन्वे सोलार एण्ड ईलेक्ट्रोनिक्स टेक्नोलोजि प्रा.लि.लाई मू.अ.कर रु.३३५४००।० भुक्तानी गरेकोमा कानूनी व्यवस्था बमोजिम

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	मू.अ.कर भुक्तानीको जानकारी नदिएकोले मू.अ.कर समायोजनपत्र पेश हुनुपर्ने देखिएको छ ।
२९.११	**लक्षित समुह विकास कार्यक्रम:** लक्षित समुहमा जाने कार्यक्रम वा आयोजनाबाट कम्तीमा सत्तरी प्रतिशत सोही समूहका लाभान्वित वर्गले प्रत्यक्ष फाइदा पाउने हुनुपर्नेछ । साथै नगरपालिकाको हकमा कम्तीमा दश परिवार समेटिएको हुनु पर्ने तथा सो सम्बन्धी निर्णय प्रक्रियामा त्यस्ता समुहको सहभागिता हुनुपर्नेछ । लक्षित समुह विकास कार्यक्रम अर्न्तगत सामाजिक परिचालन कार्यक्रम लागू भएका स्थानीय निकायमा सामाजिक परिचालनबाट छानिएका कार्यक्रम वा आयोजना मात्र कार्यान्वयन गनुपर्ने छ । साथै कार्यविधिमा उल्लेख भए वमोजिम लक्षित समुहको कार्यक्रम संचालन गर्दा अनुसूची-३मा उल्लिखित सबै क्षेत्रलाई समेट्ने गरी सम्वन्धित लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्नुपर्नेछ । लक्षित समुहको नाममा कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठी जस्ता कार्यक्रममा खर्च गर्न पाईने छैन । लक्षित समुहको लागि छुट्याईएको बजेटवाट आयोजना तथा कार्यक्रम संचालन गर्दा लक्षित समूहको कुनै संघ संगठन वा संस्था मार्फत सीधै अनुदान उपलव्ध गराउन पाईने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेको प्रावधानहरु पालना गर्नुपर्ने व्यवस्था गरिएको छ ।
	आन्तरीक पुँजिगत खर्च
२९.१२	**रकम नबुझाएको:** तपसिल वमोजिमका कार्यक्रममा भत्ता वित्तरणका लागि बजेट खर्च लेखिएकोमा रकम बुझाएको भर्पाइ पेश नभएको हुदा पेश गर्नुपर्ने रु.८१०००।० १.गोभौनं(३२)मिति २०७३।०६।२०मा महिला स्वंय सेवीका प्रोत्साहन भत्ता साविक चैनपुरका लागि वित्तरण गर्न भुक्तानी निकालिएकोमा रकम बुझाएको भर्पाइ पेश नभएको हुदा पेश गरि हिसाव नियमीत गर्ने अन्यथा सम्वन्धित खर्च लेख्नेवाट दामसाहीले असुल उपर गर्ने रु२७०००। २.गोभौनं(४३)मिति २०७३।०७।०३मा कूमरोजमा स्वास्थ्य स्वंय सेवीकाहरुलाई वित्तरण गर्न खर्च लेखिएको रकम बुझाएको भर्पाइ पेश नभएको रु २७०००। ३.गोभौनं(४५)मिति २०७३।०७।०३मा कठार महिला स्वंय सेवीका प्रोत्साहन भत्ता वित्तरणको भपाई पेश नभएको रु २७०००।
२९.१३	**कर कट्टी:** महिला शसक्तीकरण तथा सिपमूलक तालिम कार्यक्रम संचालनमा रु.१७००००। खर्च लेखिएकोमा प्रशिक्षक पारिश्रमीक वापत अग्रिम आय कर रु.११,९२५। कट्टा गर्नुपर्नेमा रु.२५५०। मात्र कट्टा गरिएको हुदा नपुग रकम रु.९३७५। असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने
२९.१४	**विल भरपाई:** करैया डाँडागाँउ कालोपत्रे निर्माण कार्यका लागि जम्मा रु.३० लाख भुक्तानी गरेकोमा निम्नानुसार देखिएको छ । (क) उक्त खर्चको प्राविधिक नापी किताव, अनुगमन प्रतिवेदन, खर्च सार्वजनिकरण पेश भएको छैन् । ख) अग्रिम आय कर वापत रु.५६८२०।१८ कट्टा गर्नुपर्नेमा जम्मा रु.४५०००। कट्टा गरिएको हुदा थप रकम रु.११८२०। सम्वन्धित वाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने ।
२९.१५	**३६५८०३३ (केन्द्रिय अनूदान,चालू खर्च)** **कर कट्टी:** गोभौनं(२)मिति २०७३।५।०६मा हरि लाईट सेन्टर नयाँ रोड पर्सा वाट जेनेरेटर भाडामा प्रयोग गरे वपात रु ५२५००। भूक्तानीमा भाडा कर १० प्र.ले रु ५२५०। कट्टा गर्नुपर्नेमा रु.७८८। मात्र कट्टा गरिएको हुदा वाकी हुने रु.४४६२।० असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२९.१६	**आन्तरीक चालु कोष** **पदपूर्ति समिति सम्वन्धि खर्च:** गोभौनं(१)मिति २०७३।०६।१४मा पदपूर्ति समिति बैठक भत्ता वित्तरण भएको रु.३९२३५। मध्ये वित्तरण वाकी रकम रु.५१००।को भर्पाइ पेश गर्ने अन्यथा सम्वन्धि खातामा दाखिला गनुपर्ने ।
२९.१७	**वातावरणमैत्री स्थानीय शासन पुजिगत कार्यक्रम ब.शि.नं ३६५८४६४** स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७ को वुदा.नं (१४) मा निर्माण व्यवसायी मार्फत संचालन भएका योजनाहरूको सार्वजनिक परीक्षण गर्नुपर्ने तथा उक्त सार्वजनिकरण वुदा.नं(१५) वमोजिमका विधि तथा प्रकृया अनुसार गर्नुपर्ने र सार्वजनिक परीक्षण प्रतिवेदन प्राप्त भए पश्चात मात्र कार्यालयवाट रकम भुक्तानी दिनुपर्नेमा नगरपालीका क्षेत्र भित्र सौर्य वत्ती जडान वापत दिप लाईट इनर्जी प्रालि सामाखूसी काठमाण्डौलाई रु.८८२८२४०। भुक्तानी गरिएकोमा खरिद गरिएका सोलार वत्तीको वारेण्टी, ग्यारेण्टी पत्र, टोल सूधार समितिको माग निवेदन, निर्णय, खर्च सार्वजनिकीकरण, सार्वजनिक परीक्षण प्रतिवेदन पेश भएको नदेखिएको

श्रोत उपयोग र उपलव्धी विवरण

क्र.सं.	श्रोत		मुख्य उपल्व्धी	
१	चालु वर्षको आम्दानी	२३७९७५७०३.९६	बजेट खर्च	१७९६५०२५२.४६
२	कर्मचारी संख्या		स्थानिय तहको आम्दानी	३१९७६४१२.६२
	स्थायी जना		धरौटी आम्दानी	०
	जनप्रतीनिधी		कार्यक्रम उपलव्धी	
३	भौतीक पूर्वाधार		पञ्जिकरण कार्य, सिफारीस,	
	भवन संख्या	४	नागरिकता सिफारिस	२२०५
	सवारी साधन	४	घर नक्सा पास संख्या	७१४
			नाता प्रमाणित	१६०८
			घरवाटो सिफारीस	१५००

बेरुजू वर्गीकरण

क्र.सं.	बेरुजू वर्गीकरण	दफा नं.	रकम
१	असुल गर्नुपर्ने	११,१३,१९,२९.५,२९.७,२९.१३,२९.१५,२९.१६	४१३४७३.५
२	नियमित गर्नुपर्ने		
	• अनियमित भएको	१०,१४,१६,१७,२६,	९८९०६५१.३
	• प्रमाण कागजात पेस नभएको	९,१२,१५,२१,२४,२६,२७,२९.३,२९.५,२९.७,२९.८,२९.९,२९.१०, २९.१२,२९.१४,२९.१७	२९६६५२८९.२
	• जिम्मेवारी नसारेको		
	• शोधभर्ना नलिएको		
३	पेश्की:	२९	४४५०१६००.००
	• कर्मचारी		
	• मोबिलाइजेसन		
	• प्रतीतपत्र		
	• संस्थागत		
४	सैद्धान्तिक	१,२,३,४,५,६,७,८,१८,२०,२२,२३,२५,२७.१,२७.२,२९.१,२९.४,२९.११	
	जम्मा		८४४७१०१४.००

द्रष्टव्यः कार्यान्वयन गर्नुपर्ने र रकम खुल्ने दफालाई लगति र अन्य दफालाई सैद्धान्तिक बेरुजू कायम गरिएको छ।